# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.२०** यस नेपालगज उप–महानगरपालिकामा मिति २०७८।१०।०५ गते प्रेम कुमारी पुनले दिनुभएको निवेदन अनुसार यस नगर कार्यपालिकाको मिति २०७८।०६।११ गतेको निर्णय अनुरुप विस्थापित परिवारको लागि व्यवस्थापनमा छुट्याइएको नेपालगज उप-महानगरपालिका वडा न. २ सिग्नेट होटेल पछाडीको एलानी जग्गाको भोगचलनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१** नेपालगंज उपमहानगरपालिकाको वडा नं. ६ मा रहेको फुलटेका तलाउमा क्रिकेट स्टेडियम निर्माण कार्यका लागी यस उपमहानगरपालिकाबाट क्रिकेट स्टेडियमको DPRतयार भइसकेको र क्रिकेट स्टेडियम निर्माण कार्यको लागी माटोपटान र बाउण्डरी बाल निर्माणको लागी ठेक्का सम्झौता भई निर्माणको चरणमा रहदा उक्त निर्माण कार्यलाई रोक्का गर्न भनी सम्मानीत उच्च अदालत तुल्सीपुर नेपालगंज इजलासको आदेश बमोजिम नगरपालिकाको मिति २०७८।०८।२७. को निर्णय बमोजिम सार्बजनिक सुबिस्ताको आधारमा ठेक्का रद्द गरिएको र सो स्थान नेपाल सरकारको नाममा दर्ता भई सरकारी जग्गा रहेको र उक्त सरकारी जग्गामा सार्वजनिक प्रयोजनको लागी कुनै संरचना बनाउन उपयुक्त देखिएमा नेपाल सरकारबाट निर्णय भएको हुनुपर्ने र सो निर्णयका लागी पूर्व निर्णय बमोजिमका संरचना निर्माण गर्नका लागी कार्य योजना सहितका सम्पूर्ण कागजात नेपाल सरकार सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रस्ताब पेश गर्न भनी सम्मानीत उच्च अदालत, नेपालगंज, तुल्सीपुर इजलासले नेपालगंज उपमहानगरपालिकाको नाँउमा परमादेश जारी भएकाले सम्मानीत अदालतको आदेश बमोजिम कार्ययोजना सहितका सम्पूर्ण कागजात तयार गरी सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्तावका लागी पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२** नेपालगंज उप-महानगरपालिका ७ नं. वडा समितिको कार्यालयले प.स. ०७८/७९, च.नं. ३४४ र मिति-२०७८/०९/१३ को पत्रबाट समस्या समाधान गरिदिने सम्बन्धमा माग गरेको, सो समस्या समाधानका लागि मिति-२०७८/०९/१३ गतेको नगर कार्यपालिकाको बैठेकबाट कानुनि सल्लाहकारको राय माग गर्ने निर्णय भएको र कानुनि सल्लाहकार अधिबक्ता लोकबहादुर शाहबाट पेशं भएको राय बमोजिम निवेदकले पेश गरेको प्रमाण र ७ नं. वडा कार्यालयको सिफारिस पत्रलाई संगलग्न गरी निवेदकका**(रेनु नेपालि, अन्जु शर्मा, मिना पुरवार, सरिता सोनी र शाहिद अलि हलवाई)** नाउमा नापी दर्ता गरी सिफरिस जग्गाधनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराउनलागी नापी कार्यालय, नेपालगंज, बाँकेलाई सिफारिस गर्ने निर्णय गरियो ।

# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.२३** यस नेपालगज उप–महानगरपालिकामा मिति २०७८।१०।२४ गते १८ नं. वडा कार्यालयको पत्र सख्या २०७८।०७९ र चलानी नं ३०७३ को सिफारिस पत्र अनुसार साविक खासकारकादो गा.वि.स. वडा नं. ७ श्रमीक आपुर्ति केन्द्र बाँकेको नाममा रहेको कित्ता नं. ४७४ क्षेत्रफल ०-१०-० को जग्गाको हाल सम्मको एकिकृत सम्पती कर मिनाह गर्ने निर्णय गरियो ।